# बहुवर्षीय आयोजनाको स्रोत सहमति सम्बन्धी मापदण्ड, २०८२

१. प्रत्यायोजित विधायन जारी गर्ने मन्त्रालयः अर्थ मन्त्रालय
२. निर्णय गर्ने अधिकारीः मा. अर्थ मन्त्री
३. निर्णय मितिः २०८२/०९/०८
४. दर्ता नं. र मितिः ०१/०८२/०८३, २०८२/०९/०९

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २१क. बमोजिम स्रोत सहमति उपलव्ध गराउन मन्त्रालयले यो मापदण्ड बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "बहुवर्षीय आयोजनाको स्रोत सहमति सम्बन्धी मापदण्ड, २०८२" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "आयोग" भन्नाले राष्ट्रिय योजना आयोग सम्झनु पर्छ।

(ख) "आयोजना" भन्नाले निश्चित उद्देश्य लक्ष्य र परिणामका लागि कार्यान्वयन गरिने समयसीमा र बजेट लागत खुलाइएको, पूर्वतयारी सम्पन्न भएका, कार्यसम्पन्न भएपछि सार्वजनिक सम्पत्तिमा वृद्धि वा रुपान्तरण हुने पूर्वाधार, आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय वा अन्य विकाससँग सम्बन्धित कार्य वा क्रियाकलापको समूहलाई सम्झनु पर्छ।

(ग) "बहुवर्षीय आयोजना" भन्नाले राष्ट्रिय गौरवको आयोजनाको हकमा आयोजनाको अवधिभर र अन्य आयोजनाको हकमा एक आर्थिक वर्षभन्दा बढी अवधि सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, अर्थ मन्त्रालय सम्झनु पर्छ।

(ङ) "मन्त्रालय वा निकाय" भन्नाले बहुवर्षीय आयोजना व्यवस्थापन गर्ने नेपाल सरकारको मन्त्रालय वा निकाय सम्झनु पर्छ।

(च) "राष्ट्रिय आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली (नेशनल प्रोजेक्ट बैङ्क मेनेजमेन्ट इन्फरमेसन सिस्टम)" भन्नाले आयोगले राष्ट्रिय आयोजना बैङ्क व्यवस्थापनको लागि प्रयोगमा ल्याएको सूचना प्रणाली सम्झनु पर्छ।

(छ) "राष्ट्रिय गौरवको आयोजना" भन्नाले नेपाल सरकारले राष्ट्रिय गौरवको आयोजनाको रूपमा तोकेको आयोजना सम्झनु पर्छ।

(ज) "लेखा उत्तरदायी अधिकृत" भन्नाले आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ (फ) बमोजिमको जिम्मेवारीमा रहेको प्रशासकीय प्रमुखको रुपमा कार्यरत सचिव सम्झनुपर्छ।

(झ) "स्रोत सहमति" भन्नाले आयोजनाको औचित्य, त्रिवर्षीय बजेट, स्रोत उपलब्धता, खर्चको आवश्यकता र मध्यमकालीन खर्च संरचना समेतको आधारमा बहुवर्षीय

आयोजना कार्यान्वयन गर्ने मन्त्रालयले उपलब्ध गराएको स्रोत सहमति सम्झनु पर्छ।

३. **प्रस्ताव पेश गर्नु पर्ने**: (१) बहुवर्षीय आयोजनाको स्रोत सहमतिको लागि मन्त्रालय वा निकायले आवश्यकता, औचित्य र विनियोजित बजेट तथा स्रोत अनुमान समेतका आधारमा देहायका कागजात तथा विवरण संलग्न गरी कार्तिक मसान्तभित्र आयोगमा प्रस्ताव पेश गर्नु पर्नेछ :-

(क) आयोजनाको बहुवर्षीय खरिदको स्रोत सहमति सम्बन्धमा लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित भएको अनुसूची-१ बमोजिमको फाराम,

(ख) बहुवर्षीय आयोजनाको स्रोत सहमति माग गर्दा आवश्यक आधार पूरा गरेको लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित भएको अनुसूची-२ बमोजिमको चेकलिष्ट,

(ग) विद्यमान मध्यमकालीन खर्च संरचनामा उल्लेख भएको सम्बन्धित बजेट उपशीर्षक अन्तर्गत प्रस्तावित आयोजनाको बजेट सहितको विवरण समावेश भएको भनी सम्बन्धित मन्त्रालय वा निकायको लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित भएको अनुसूची-३ बमोजिमको विवरण,

(घ) राष्ट्रिय आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट भई आयोगबाट स्वीकृत भएको विवरण,

(ङ) मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबीआईएस) मा प्रविष्ट भएको विवरण,

(च) डिजाइन र निर्माण खरिद सम्झौता (डिजाइन एण्ड बिल्ट मोड अफ कन्ट्र्याक्ट) बाहेक अन्य खरिदको हकमा स्वीकृत आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन, प्रारम्भिक वातावरणीय परीक्षण वा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन,

(छ) मन्त्रालय वा निकायबाट स्वीकृत विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इन्जिनियरिङ्ग प्रतिवेदन,

(ज) मन्त्रालय वा निकायबाट स्वीकृत वार्षिक खरिद योजना, कार्यान्वयन कार्ययोजना र अनुगमन तथा मूल्याङ्कन योजना,

(२) उपदफा (१) बमोजिम मन्त्रालय वा निकायले बहुवर्षीय आयोजनाको प्रस्ताव पेश गर्दा राष्ट्रिय आयोजना बैङ्क र मध्यमकालीन खर्च संरचनामा समावेश भएको तथा कुल लागत अनुमान पचास करोड रुपैयाँभन्दा बढी भएको आयोजना वा सरकारी भवन निर्माण वा सेवा खरिद आयोजनाको हकमा लागत अनुमान बीस करोड रुपैयाँभन्दा बढी भएको हुनुपर्नेछ।

(३) मन्त्रालय वा निकायले स्रोत सहमति प्रस्ताव गर्दा उपदफा (२) बमोजिम आयोजनाको कुल अनुमानित लागतको न्यूनतम एक चौथाइ रकम विनियोजन भएको हुनु पर्नेछ। आयोगले बहुवर्षीय आयोजनाको स्रोत सहमति सिफारिस गर्दा

आयोजनाको शुरु विनियोजन रकमको चार गुणा भन्दा बढी नहुने गरी सिफारिस गर्नु पर्नेछ।

तर, मोटरेबल पुल, झोलुङ्गे पुल निर्माण सम्बन्धी कार्यमा शुरु विनियोजन र कुल लागत सीमा लागू हुने छैन। साथै विपद् वा महामारी व्यवस्थापन तथा विपद् पछिको पुनर्निर्माण सम्बन्धी कार्यको नयाँ खर्च शीर्षकमा समेत यस्तो सीमा लागू हुने छैन।

४. **स्रोत सहमति सम्बन्धी व्यवस्थाः** (१) दफा ३ बमोजिम प्राप्त प्रस्तावको मूल्याङ्कन गर्दा आयोगले बहुवर्षीय आयोजनाको स्रोत सहमति प्रदान गर्न उपयुक्त देखेमा मंसिर पन्ध्र गतेभित्र स्रोत सहमतिका लागि मन्त्रालयमा सिफारिस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त आयोजनाको मध्यमकालीन खर्च संरचना, मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट त्रिवर्षीय बजेट प्रक्षेपण, चालू आर्थिक वर्षको बजेट र स्रोतको अवस्था समेतको आधारमा मन्त्रालयले पौष पन्ध्र गतेभित्र स्रोत सहमति सम्बन्धमा गर्ने निर्णय गरी सोको जानकारी सम्बन्धित मन्त्रालय वा निकाय र आयोगलाई दिनु पर्नेछ।

(३) सम्बन्धित मन्त्रालय वा निकायले वैदेशिक सहायताको आयोजनाको हकमा सम्झौतामा उल्लिखित सहायता रकम र नेपाल सरकारले व्यहोर्नु पर्ने अंशको सीमाभित्र रही बहुवर्षीय खरिद प्रक्रिया अघि बढाउन स्रोतको सहमति आवश्यक पर्ने छैन। त्यस्तो आयोजनामा नेपाल सरकारले व्यहोर्नु पर्ने अंश सम्बन्धित मन्त्रालय वा निकायले मध्यमकालीन खर्च संरचनामा समावेश गर्नु पर्नेछ।

(४) नयाँ आयोजनामा स्रोत सहमति माग गर्दा विगत आर्थिक वर्षमा स्रोत सहमति प्राप्त भइसकेका आयोजनाको लागि आवश्यक हुने बजेट छुट्याई बाँकी रहन सक्ने बजेटका आधारमा उच्च प्राथमिकतामा रहेको आयोजनामा स्रोत सहमति माग गर्नु पर्नेछ।

(५) यस मापदण्डको अधीनमा रही प्रदान गरिएको स्रोत सहमतिको अवधि बढीमा तीन आर्थिक वर्षको हुनेछ।

तर राष्ट्रिय गौरवको आयोजना र आयोजनाको प्रकृति तथा लागतको आधारमा ठेक्काको अवधि तीन आर्थिक वर्षभन्दा बढी हुने भएमा सोही बमोजिम हुनेछ।

(६) नेपाल सरकार, अर्थ मन्त्रालयबाट आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि स्रोत सहमति प्राप्त भएको आर्थिक वर्षभित्र खरिद प्रक्रिया अगाडि नबढाएमा त्यस्तो स्रोत सहमति स्वतः निष्क्रिय हुनेछ।

५. **स्रोत सहमति प्रदान गर्न बाधा नपर्ने**: यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नागरिक सरोकार तथा सेवा प्रवाहको दृष्टिकोणले अति आवश्यक वा संवेदनशील सालवसाली वा चालु प्रकृतिको आयोजना वा कार्यक्रमका लागि बहुवर्षीय खरिदको सहमति माग भएकोमा दफा ३ बमोजिमका कागजात तथा विवरण आवश्यक नपर्ने भनी लेखा उत्तरदायी अधिकृतले कुल लागत र वार्षिक मागको पुर्वानुमान सहितको विवरण यकिन गरी सिफारिस गरेमा स्रोत सहमति दिन बाधा पर्ने छैन।

६. **कार्यान्वयन गर्ने जिम्मेवारी**: (१) दफा ४ बमोजिम स्रोत सहमति प्राप्त भएका आयोजनाको कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित मन्त्रालय वा निकायको हुनेछ।

(२) उपदफा (१) बमोजिमका आयोजनाको आगामी आर्थिक वर्षको लागि सिर्जना हुने दायित्व सोही आर्थिक वर्षमा सम्बन्धित मन्त्रालय वा निकायले मध्यमकालीन खर्च संरचनामा समावेश गरी प्राप्त बजेट सीमामा रही इयरमार्क गरी व्यवस्थापन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमका आयोजनाको स्रोत सहमतिको विवरण राष्ट्रिय आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली र मन्त्रालयगत बजेट सूचना प्रणालीमा अद्यावधिक गर्नु पर्नेछ।

(४) यस मापदण्ड बमोजिम स्रोत सहमति प्रदान गरिएका बहुवर्षीय आयोजनाको अनुगमन तथा मूल्याङ्कन आयोग र सम्बन्धित मन्त्रालय वा निकायले गर्नु पर्नेछ।

७. **विशेष व्यवस्था**: यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्ष २०८२/८३ को लागि देहाय बमोजिम हुनेछः

(क) मन्त्रालय वा निकायले दफा ३ बमोजिमको प्रस्ताव पौष मसान्तभित्र आयोगमा पेश गर्न सक्नेछ।

(ख) खण्ड (क) बमोजिम प्रस्ताव पेश हुन आएमा आयोगले माघ पन्ध्र गतेभित्र दफा ४ बमोजिमको प्रक्रिया पुरा गरी मन्त्रालय समक्ष सिफारिस गर्न सक्नेछ।

(ग) खण्ड (ख) बमोजिम आयोगबाट दफा ३ को उपदफा (२) बमोजिम सिफारिस प्राप्त भएमा मन्त्रालयले दफा ४ को उपदफा (२) बमोजिम माघ मसान्तभित्र सहमति दिन सक्नेछ।

(घ) आर्थिक वर्ष २०८२/८३ मा मन्त्रालय वा निकायबाट हालसम्म स्रोत सहमति सम्बन्धमा भए गरेका काम कारवाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची-१

(दफा ३ को खण्ड (क) सँग सम्बन्धित)

## नेपाल सरकार

**........... .......... .......... .......... मन्त्रालय**

## बहुवर्षीय आयोजनाको स्रोत सहमति माग प्रस्ताव फाराम

**खण्ड (क) आयोजनाका आधारभूत विवरणः**

१. आयोजनाको नामः

नेपालीमाः

अङ्ग्रेजीमाः

२. आयोजनाको लक्ष्यः

३. आयोजनाको उद्देश्यः

४. आयोजनाको प्रतिफलः

५. आयोजनाको किसिमः

सेवा प्रधान ☐ अनुसन्धान प्रधान ☐ उत्पादन प्रधान ☐

निर्माण प्रधान ☐ सुशासन प्रधान ☐

६. आयोजना कार्यान्वयन हुने क्षेत्र र छनोट गर्दा अपनाइएका आधारः

(क) कार्यान्वयन क्षेत्रः जिल्लाः निर्वाचन क्षेत्रः

प्रदेशः न.पा./गा.पा.

(ख) छनोटका आधारहरूः

७. आयोजनाको कुल लागतः

८. आयोजना अवधि (प्रस्तावित जम्मा वर्ष):

(क) शुरु हुने मितिः (ख) सम्पन्न हुने मितिः

९. आयोजना कार्यान्वयन गर्ने निकायः

**खण्ड (ख) आयोजनाको वित्तीय विवरणः**

१०. आयोजनाको कुल लागत र सोको स्रोत विवरण (रू. हजारमा):

११. आयोजनाको कुल रकमको वार्षिक बाँडफाँट (रू. हजारमा):

| आर्थिक वर्ष | बाँडफाँट |
|---|---|
| | |
| | |

१२. मन्त्रालय वा निकायबाट स्वीकृत विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इन्जिनियरिङ्ग डिजाइनको संक्षिप्त विवरणः

१३. आयोजनाको सम्भाव्यता अध्ययनः

(क) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययन भएकोः

(ख) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययन भएको वर्षः

(ग) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययनको निष्कर्षः

१४. आयोजनाको आर्थिक तथा वित्तीय विश्लेषणः

(क) लागत फिर्ता अवधि (Pay-back Period):

(ख) लाभ लागत अनुपात (Cost Benefit Ratio):

(ग) वित्तीय प्रतिफल दर (Financial Internal Rate of Return- FIRR):

(घ) आर्थिक प्रतिफल दर (Economic Internal Rate of Return – EIRR):

(ङ) खुद वर्तमान मूल्य (Net Present Value – NPV):

(च) लागत प्रभावकारिता अध्ययन (Cost Effectiveness Analysis):

(छ) सम्भाव्यता अध्ययन गर्ने निकायः

१५. आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन वा संक्षिप्त वातावरणीय प्रतिवेदनको संक्षिप्त विवरणः

१६. आयोजना कार्यान्वयनबाट हुने लाभ र लाभको प्रकृतिः

(क) लाभान्वित हुने अनुमानित कुल जनसङ्ख्याः

| महिला | बालबालिका | आदिवासी जनजाति | दलित | मधेशी | मुस्लिम | अन्य |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(ख) रोजगारी सिर्जना सङ्ख्या (अनुमानित) (श्रम दिन):

**खण्ड (ग) प्रशासनिक तथा व्यवस्थापकीय विवरणः**

१७. आयोजना कार्यान्वयनमा आवश्यक पर्ने जनशक्ति व्यवस्थाः

(क) भइरहेको जनशक्तिबाट हुनेः

(ख) आवश्यक थप जनशक्तिको विवरणः

१८. आयोजनाको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थाः

(क) अनुगमन तथा मूल्याङ्कनका लागि विनियोजन भएको रकमः

(ख) आयोजनाको प्रतिफल र प्रभाव हेर्ने सूचक विवरणः

**खण्ड (घ) आयोजनाको अवधि थप गर्नुपर्ने भएमाः**

१९. आयोजनाको अवधि थप गर्नु पर्नाका कारणहरूः

(१) ...... ...... ...... ...... ...... ...... ...... ......

(२) ...... ...... ...... ...... ...... ...... ...... ......

(३) ...... ...... ...... ...... ...... ...... ...... ......

२०. आयोजनाको थप हुने अवधिका लागि आवश्यक पर्ने जनशक्तिः

(क) भइरहेको जनशक्तिबाट हुनेः

(ख) थप चाहिने/नचाहिनेः

२१. आयोजनाको कार्यान्वयनमा देखिएका मुख्य मुख्य समस्या, सबल तथा दुर्बल पक्षहरू उल्लेख गर्नेः

२२. मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework- MTEF) अनुरूप आयोजनाको प्राथमिकताक्रमः

पहिलो प्राथमिकता ☐ दोस्रो प्राथमिकता ☐

(क) आयोजनाको म्याद थप सम्बन्धमा सम्बन्धित मन्त्रालयको रायः

माथि उल्लिखित विवरणहरू ठिक भएको व्यहोरा प्रमाणित गरिन्छ।

| | | |
|---|---|---|
| **तयार गर्नेः** | **पेश गर्नेः** | **स्वीकृत गर्ने (लेखा उत्तरदायी अधिकृत)** |
| **दस्तखतः** | **दस्तखतः** | **दस्तखतः** |
| **नाम, थरः** | **नाम, थरः** | **नाम, थरः** |
| **पदः** | **पदः** | **पदः** |
| **मितिः** | **मितिः** | **मितिः** |

## अनुसूची-२

(दफा ३ को खण्ड (ख) सँग सम्बन्धित)

## स्रोत सहमति माग गर्दा आवश्यक पर्ने चेकलिष्ट

| क्र.सं. | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १. | नेपाल सरकार, मन्त्रिपरिषद्ले राष्ट्रिय गौरवको आयोजनाको रूपमा स्वीकृत गरेको आयोजना | | | |
| २. | विद्यमान मध्यमकालीन खर्च संरचनामा उल्लेख भएको सम्बन्धित बजेट उपशीर्षक अन्तर्गत प्रस्तावित आयोजनाको बजेट सहितको विवरण | | | |
| ३. | राष्ट्रिय आयोजना बैङ्कमा समावेश भएको कुल लागत अनुमान पचास करोड रुपैयाँभन्दा बढी वा सरकारी भवन निर्माण र सेवा खरिद आयोजनाको हकमा बीस करोड रुपैयाँभन्दा बढीको आयोजना | | | |
| ४. | बहुवर्षीय खरिदमा जाने आयोजनाको खरिदको समय एक आर्थिक वर्षभन्दा बढी भएको। | | | |
| ५. | सम्बन्धित मन्त्रालय वा निकायबाट विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इन्जिनियरिङ्ग डिजाइन स्वीकृत भई राष्ट्रिय आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली (NPBMIS) मा सम्पूर्ण विवरणहरू प्रविष्ट गरी स्वीकृत भएको | | | |
| ६. | आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन/प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन वा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनको कार्य सम्पन्न भएको | | | |
| ७. | आयोजनाको लागि जग्गा प्राप्तिको सुनिश्चितता भएको | | | |
| ८. | आयोजना कार्यान्वयन स्थलको साइट क्लियरेन्स भएको | | | |
| ९. | मध्यमकालीन खर्च संरचनामा उल्लेख भएको | | | |
| १०. | वैदेशिक सहायता संलग्न भएको आयोजनाका हकमा | | | |

| क्र.सं. | विवरण | भएको | नभएको | कैफियत |
| --- | --- | --- | --- | --- |
| | दातृ निकायसँग सम्झौता भई स्रोत सुनिश्चितता भएको | | | |
| ११. | कार्यान्वयन कार्ययोजना, अनुगमन तथा मूल्याङ्कन योजना, वार्षिक खरिद योजना तयार भएको | | | |
| १२. | सङ्घ, प्रदेश र स्थानीय तह र निजी क्षेत्रको साझेदारी तथा सहलगानीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र लाभ लागत अनुपात र स्रोत सुनिश्चित भएको | | | |

| तयार गर्नेः | पेस गर्नेः | स्वीकृत गर्ने (लेखा उत्तरदायी अधिकृत) |
| --- | --- | --- |
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नाम, थरः | नाम, थरः | नाम, थरः |
| पदः | पदः | पदः |
| मितिः | मितिः | मितिः |

अनुसूची-३

(दफा ३ को खण्ड (ग) सँग सम्बन्धित)

**लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित गर्नुपर्ने विवरण**

कार्यक्रम/आयोजनाको नामः

ब.उ.शी.नं.:

१. ब.उ.शी.नं. मा उल्लेखित कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण एवम् प्राथमिकीकरण तथा संकेतीकरण

| सोह्रौं योजनाको विषयक्षेत्र | उद्देश्य | आयोजना अवधि (सुरु समाप्ति) | लागत (रु.लाखमा) | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको उपलब्धि सूचक | आगामी आर्थिक वर्षमा सञ्चालन हुने प्रमुख क्रियाकलाप | समन्वयात्मक अतिरिक्त लाभ | बिरोधाभाष | रणनीतिक स्तम्भ | प्राथमिकता क्रम | दिगो विकास | लैंगिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |

२. त्रिवर्षीय खर्चको अनुमान तथा प्रक्षेपण

| उप-आयोजना/उप-कार्यक्रम/खण्ड/ उपखण्ड | ............को विनियोजन (रू.लाखमा) | | | | को ......... खर्च प्रक्षेपण (रू.लाखमा) | | | | ...... को खर्च प्रक्षेपण : (रू.लाखमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था |
| ........ | | | | | | | | | | | | |
| ........ | | | | | | | | | | | | |
| ........ | | | | | | | | | | | | |
| कुल जम्मा* | | | | | | | | | | | | |
| मध्यमकालीन खर्च संरचनामा ब.उ.शी.नं. मा उल्लेखित रकम | | | | | | | | | | | | |

* उप-आयोजना/उप-कार्यक्रम/खण्ड/उपखण्डको कुल जम्मा रकम राष्ट्रिय योजना आयोगले प्रकाशन गरेको मध्यमकालीन खर्च संरचनामा उल्लेखित रकमभन्दा बढी हुने छैन।

३. त्रिवर्षीय स्रोतको अनुमान तथा प्रक्षेपण

| उप-आयोजना/उप-कार्यक्रम/खण्ड/उपखण्ड | ...... को स्रोत अनुमानः (रू.लाखमा) | | | | .......को स्रोत प्रक्षेपणः (रू.लाखमा) | | | | ........ को स्रोत प्रक्षेपणः (रू.लाखमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण | कुल | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण | कुल | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| ........ | | | | | | | | | | | | |
| ........ | | | | | | | | | | | | |
| ........ | | | | | | | | | | | | |
| कुल जम्मा* | | | | | | | | | | | | |
| मध्यमकालीन खर्च संरचनामा ब.उ.शी.नं. मा उल्लेखित रकम | | | | | | | | | | | | |

*उप-आयोजना/उप-कार्यक्रम/खण्ड/उपखण्डको कुल जम्मा रकम राष्ट्रिय योजना आयोगले प्रकाशन गरेको मध्यमकालीन खर्च संरचनामा उल्लेखित रकमभन्दा बढी हुने छैन।

तयार गर्नेः
दस्तखतः
नाम, थरः
पदः
मितिः

पेश गर्नेः
दस्तखतः
नाम, थरः
पदः
मितिः

स्वीकृत गर्ने (लेखा उत्तरदायी अधिकृत)
दस्तखतः
नाम, थरः
पदः
मितिः